# अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड

## अपर अरुण जलविद्युत आयोजना (१०६३.३६ मे.वा.)

## जग्गा उपलब्ध गराउने सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८०।१२।०९ गते)

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेडद्वारा प्रवर्द्धित अपर अरुण जलविद्युत आयोजना (१०६३.३६ मे.वा.) को पहुँच मार्ग निर्माण गर्नका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/११/०६ गतेको निर्णय बमोजिम सङ्खुवासभा जिल्लामा पहुँच सडक निर्माणका लागि २१.२६७ (एक्काइस दशमलव दुई छ सात) हेक्टर (करिब ४१८ रोपनी) वन क्षेत्र प्रयोग गर्न स्वीकृति प्राप्त भएको थियो। अपर अरुण जलविद्युत आयोजना (१०६३.३६ मे.वा.) र नेपाल सरकार, वन तथा भू-संरक्षण विभाग बीच गर्न लागिएको सम्झौताका लागि वन ऐन २०७६ को दफा ४२ को उपदफा (२) तथा वन नियमावली, २०७९ को नियम ९१ को उपनियम (१) तथा संरक्षण क्षेत्रमा पूर्वाधार निर्माणका लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० को दफा ९ (१) बमोजिम आयोजनाले राष्ट्रिय वनको जग्गा प्रयोग गरे बापत २१.२६७ हेक्टर (करिब ४१८ रो.) क्षेत्रफलको जग्गाभन्दा कम नहुने गरी सट्टा भर्ना स्वरूप जग्गा उपलब्ध गराउनुपर्ने भएकोले आयोजना स्थल नजिक पर्ने, राष्ट्रिय वनसँग जोडिएको, समान भौगोलिक र पारिस्थितिकीय प्रणाली मिल्दोजुल्दो तथा वन विकास गर्न सकिने भू-बनोट भएको जग्गा आवश्यक भएकोले इच्छुक व्यक्ति वा संस्थाको नाममा कायम रहेको निजी जग्गा बिक्री गर्न चाहेमा स्वयंले आफ्नो जग्गाधनी दर्ता प्रमाण पुर्जाको फोटोकपी, यस आर्थिक वर्षमा भूमिकर बुझाएको रसिदको फोटोकपी सहितका कागजात एउटा खाममा र सो जग्गा के-कति दररेटमा प्रदान गर्न सकिने हो सोको मूल्य छुट्टै खाममा सिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न लिखित ठेगानामा आइपुग्ने गरी प्रस्ताव पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्ताव पेस गर्ने ठेगाना :**

**अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड, शान्तिप्रिय मार्ग, महाराजगञ्ज, काठमाडौं, फोन नं.:** ०१-४७२०५४३,
**अपर अरुण जलविद्युत आयोजना कार्यालय, गोला, भोटखोला गाउँपालिका, सङ्खुवासभा**
**जिल्ला प्रशासन कार्यालय, खाँदबारी, सङ्खुवासभा, फोन नं.:** ०२९-५६२१३४